# कोभिड १९ क्लिनिक संचालन सम्बन्धी कार्यविरण :

१. निर्देशिकामा सुचिकृत भएका सबै हब अस्पतालहरु केन्द्र, प्रदेश सरकारबाट कोभिड १९ अस्पताल भनी तोकिएका अस्पतालहरु, प्रदेश अन्तर्गतका अस्पतालहरु, सबै मेडिकल कलेजहरु/प्रतिष्ठान अस्पतालहरु, तोकिएका निजि अस्पतालहरुले कोभिड १९ क्लिनिक सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

२. कोभिड १९ को शंका् भई सेवा लिन आएका सेवाग्राहीलाई स्वास्थ्य अवस्था हेरी परिक्षण, नमुना संकलन र आइसोलेशनमा राखी आवश्यक उपचार वा प्रेषण गर्नुपर्नेछ ।

३. ल्याव परिक्षणबाट पोजेटिभ भएका बिरामीहरुको अस्पतालमा भर्ना, तथा Referal सम्बन्धी कार्यको तयारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय HEOC को निर्देशनमा गर्नु पर्नेछ ।

४.शङकास्पद बिरामीहरुको ल्याव परिक्षणबाट नेगेटिभ देखिएमा अवस्था हेरी सोही ठाउँमा आइसोलेशनमा राख्ने वा अन्य Non-COVID रोगको सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

५ सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी सहयोगीहरुको लागि सुरक्षा कवचको (पी.पी.ई लगायत) व्यवस्था निर्देशिका अनुसार अस्पतालले नै गर्ने (आवश्यक परेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय HEOC मा सम्पर्क गर्ने ।

६. प्रदान गरेका सेवाहरुको प्रतिवेदन हरेक दिन ईमेल मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय HEOC अनिवार्य रुपमा जानकारी गराउने ।

Government of Nepal
Ministry of Health and Population
Ramshah Path, Kathmandu

# कोभिड १९ अस्पताल संचालन सम्बन्धी कार्यविरण :

१. कोभिड १९ बिरामीहरुको व्यवस्थापन COVID लेवल १ मा (Mild), लेवल २ मा (Moderate-severe) र लेवल ३ मा (Multi-Specialty care) मा सुचीकृत अस्पतालहरु कोभिड १९ बिरामी भर्ना भएको दिन देखी कोभिड १९ असपतालको रुपमा काम गरेको मानिनेछ । लेवल २ मा सुचिकृत नभएका तर लेवल ३ मा तोकिएका अस्पतालहरुले COVID को Screening सेवा र रिर्फर भई आएका जटिल केसहरुको कोभिड र विषेशज्ञ सेवाको उपचार व्यवस्थापन गर्ने ।

२. तोकिएका कोभिड १९ पोजेटिभ बिरामीहरुको Case Management Guideline अनुसार व्यवस्थापन गर्ने ।

३. तोकिएका अस्पतालहरुले Non-COVID बिरामीहरुको उपचार छुटै ब्लक बाट गर्ने व्यवस्थापन मिलाउने र सम्भव नभएमा अन्य अस्पतालहरुको सहयोगमा व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय HEOC संग समन्वयमा गर्ने ।

४.ल्याव परिक्षणको व्यवस्था नजिकको पी सी आर ल्याबसंग समन्वय गरी गर्ने ।

५. लेवल १ बाट २ वा ३ मा र लेवल २ बाट ३ मा प्रेषण गर्नु पर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय HEOC को निर्देशनमा गर्ने ।

६.उपचार व्यवस्थापनमा संलग्न स्वास्थ्यकर्मी/सहयोगीहरुको पूर्ण सुरक्षा पी.पी.ई आदिको प्रवन्ध गर्ने, क्वारेनटाईनको व्यवस्था अस्पतालले नै गर्ने ( स्वास्थ्यकर्मी क्वारेनटाईन निर्देशिका अनुसार)

७. प्रदान गरेको सेवाको प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय HEOC मा अनिवार्य ईमेल मार्फत दैनिक रुपमा जानकारी दिनुपर्ने ।

Government of Nepal
Ministry of Health and Population
Ramshah Path, Kathmandu